## अनुसूची - ३

### (सिचाइ नियमावली २०५६ को नियम ३ सँग सम्बन्धित अनुसूची १)
### उपभोक्ता संस्था दर्ताको लागि दिइने दरखास्त फारम

श्री डिभिजन प्रमूख ज्यू,
जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय
विजुवार,प्यूठान ।

महोदय,

हामीले ................. सिंचाइ योजना जल उपभोक्ता सस्था गठन गरी दर्ता गराउन चाहेकोले जलश्रोत ऐन २०४९ को दफा २४ र सिचाइ नियमावली, २०५६ को नियम ३ बमोजिम उपभोक्ता सस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता सस्थाको एक प्रति विधान र एक सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

१. जल उपभोक्ता संस्थाको नाम :

२. जल उपभोक्ता संस्थाको ठेगाना : ......................खोला/मुलको पानीबाट सिंचाइ हुने ............. जिल्ला ...................... न.पा/गा.पा. वडा नं. ...................... केही भागहरु

३. उद्देश्यहरु :

क) संस्थाको मुल उद्देश्य कार्यक्षेत्र भित्र नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृत आयोजना (प्रणाली) बाट यस क्षेत्रमा सिंचाइ सम्बन्धी नीति र निर्देशन अनुसार आवश्यक जनश्रम जुटाउने, आर्थिक रकम उपलब्ध गराउने निर्माण कार्यको सुपरभिजन गरि गुणस्तर कायम राख्ने र सिंचाइ योजना (प्रणाली) समाप्त भईसकेपछि पनि मुल नहर, शाखा नहर तथा वितरण कुला/पाइपको मर्मत संभार मुल नहरको देखरेख र समितिको क्षमताबाट भ्याउने सम्मको मर्मत कार्य गरि सिंचित क्षेत्रमा समुचित रुपमा सिंचाइको व्यवस्था मिलाउने ।

ख) सिंचाइ प्रणालीको संचालन व्यवस्थापन तथा मर्मत संभारको लागि आवश्यक श्रोत जुटाउन जल उपभोक्ताहरुको प्रयासलाई एकत्रित तथा परिचालन गरि सम्बन्धित निकायसँग आवश्यक समन्वय कायम राख्ने . संस्थाको लागि आर्थिक श्रोत जुटाउन, सदस्यता शुल्क, दण्ड जरिवाना जस्ता नियमहरु कार्यान्वयन गरि लागु गर्ने ।

४. जल उपभोक्ता संस्थाको पदाधिकारीहरुको नाम :

| क्र. स. | पद | पदाधिकारीहरुको नाम | ठेगाना | पेशा |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | उपाध्यक्ष | | | |
| ३ | सचिव | | | |
| ४ | कोषाध्यक्ष | | | |
| ५ | महिला सदस्य | | | |
| ६ | महिला सदस्य | | | |
| ७ | महिला सदस्य | | | |
| ८ | जनजाती सदस्य | | | |
| ९ | दलित सदस्य | | | |

५. उपयोग गरिन जलश्रोतको विवरण :
क) जलश्रोतको नाम र रहेको गांउ : ...............खोला/मुल
ख) श्रोतबाट गरिने प्रयोग : सिंचाइ
ग) उपभोक्ता संस्थाले प्रयोग गर्न चाहेको जलश्रोतको परिमाण......... लिटर प्रति सेकेण्ड
३) उक्त जलश्रोतबाट हाल भैरहेको उपयोग:
६. जल उपभोक्ताको संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:
क) सेवाको किसिमः सिंचाइ
ख) सेवा पुऱ्याउने क्षेत्रः ............. न.पा/गा.पा. वडा नं.................... का केही भागहरु
ग) सेवाबाट लाभावान्वित उपभोक्ताहरुको संख्याः .................. घरधुरी
३) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:
७. आर्थिक श्रोतको विवरण:
क) उपभोक्ताबाट संकलित रकम, श्रमदान
ख) सिंचाइ लगायतका कार्यालयहरुबाट उपलब्ध हुने रकम
८. कार्यालयको ठेगानाः न.पा/गा.पा. ......................वडा न......................

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः
पद : अध्यक्ष
ठेगाना :
मितिः

## अनुसूची - ४
## (ज.उ.स.गठन सम्बन्धी बिवरण)

आज मिति ....................गतेका दिन हामी ......................... न.पा/गा.पा वडा नं. ................. अर्न्तगत ....................सिंचाइ योजना जल उपभोक्ता समिति गठन गरी सिचाइ कार्यालयमा संस्था दर्ता गर्न का लागि यसै योजना (प्रणाली) भित्रका उपभोक्ता कृषकहरुको सभामा देहायको उपस्थितिमा वैठक बसी सवैको आपसी सल्लाह र समझदारीको साथ .......................को रोहवरमा माथि उल्लेखित पदाधिकारिहरुलाई .......................... सिंचाइ प्रणाली जल उपभोक्ता समितिमा हामी निम्न व्यक्तिहरुको छनौट गरि सहिछाप समेत गरेका छौ ।

| **क्र.सं.** | **नाम** | **पद** | **ठेगाना** | **दस्तखत/सहिछाप** |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |

### कृषकहरुको सभाको उपस्थिति

| **क्र.सं.** | **नाम** | **ठेगाना** | **दस्तखत/सहिछाप** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |

जल उपभोक्ता समितिको
विधान

जल उपभोक्ता समितिको नामः ................................................... **जल उपभोक्ता समिति**

स्थानः न.पा/गा.पा. : ..............................
वडा नं. :
बिधान दर्ता नं. :
मिति

**प्रस्तावना :**

नेपाल अधिराज्यको ....................अञ्चल ....................जिल्ला .................... न.पा/गा.पा वडा नं................स्थित ......................खोला ⁄नदि⁄ताल⁄मुलको पानीलाई समुचित वा व्यवस्थित रुपबाट उपयोग गरेर................. जिल्ला ............. न.पा/गा.पा वडा नं. ................स्थित खेती योग्य जग्गाको

कृषि उत्पादनमा बृद्धि गरि देशको विकासमा टेवा पुऱ्याउन सक्ने उद्देश्यले उक्त श्रोतबाट सिंचाइ सेवा उपयोग गर्ने उपभोक्ताहरुको जल उपभोक्ता संस्थाद्वारा यो विधान तयार गरिएको छ। यसमा उपभोक्ता संस्थालाई सवल र सक्रिय बनाउनुपर्ने बुँदाहरुलाई उच्च प्राथमिकता प्रदान गरि आवश्यकता अनुसार उप नियमहरु पनि तयार गरिने छन् .

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस विधानको नाम ……………… सिंचाइ योजना जल उपभोक्ता समितिको विधान २०……रहनेछ।

**२. नामाकरणः**

क) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधान अर्न्तगत गठन भएको जल उपभोक्ता समितिको नाम ……………….. सिंचाई योजना जल उपभोक्ता समिति …………. न.पा/गा.पा वडा नं.………….. रहने छ

ख) सिंचित क्षेत्रफल भन्नाले ………….. को पुर्व, …………………. को पश्चिम, ……………. को उत्तर, ……………… को दक्षिण यति चार किल्ला भित्र रहेको जम्मा जग्गा ……………. हेक्टरलाई जनाउछ .

ग) "साधारण सभा" भन्नाले कृषक सिंचाइ संस्थाको साधारण सदस्यता प्राप्त, जग्गा भएको वा मोहिको रुपमा जग्गा कमाउने कृषकहरुको भेलालाई जनाउँछ ।

३) "अध्यक्ष" भन्नाले यस उपभोक्ता संस्थाको व्यवस्थापन प्रमुखलाई जनाउँछ ।

ङ) "सदस्य" भन्नाले जल उपभोक्ता संस्थाको व्यवस्थापन समितिको सदस्यता प्राप्त जल उपभोक्ता सदस्यलाई जनाउँछ ।

च) "सचिव" भन्नाले जल उपभोक्ता संस्थाको व्यवस्थापन समितिको सचिवलाई जनाउँछ।

५) "पदाधिकारी" भन्नाले संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिब, कोषाध्यक्ष र सदस्यलाई जनाउँछ ।

**३. उद्देश्यः**

क) संस्थाको मुल उद्देश्य यस विधान अन्तर्गत गठित समितिको आन्तरिक निर्णयबाट गठित उप समितिको नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृत आयोजना (प्रणाली) बाट यस क्षेत्रमा सिंचाइ सम्बन्धि निति र निर्देशन अनुसार आवश्यक जनश्रम जुटाउने, आर्थिक रकम उपलब्ध गराउने निर्माण कार्यको सुपरभिजन गरि गुणस्तर कायम राख्ने र सिंचाइ योजना -प्रणाली) समाप्त भईसकेपछि पनि मुल नहर, शाखा नहर तथा वितरण कुला/पाइपको मर्मत संभार मुल नहरको देखरेख र समितिको क्षमताबाट भ्याउने सम्मको मर्मत कार्य गरि सिंचित क्षेत्रमा समुचित रुपमा सिंचाइको व्यवस्था मिलाउने छ।

ख) सिंचाइ प्रणालीको संचालन व्यवस्थापन तथा मर्मत संभारको लागि आवश्यक श्रोत जुटाउन जल उपभोक्ताहरुको प्रयासलाई एकत्रित तथा परिचालन गरि सम्बन्धित निकायसँग आवश्यक समन्वय कायम राख्नेछ।

ग) संस्थाको लागि आर्थिक श्रोत जुटाउन, सदस्यता शुल्क, दण्ड जरिवाना जस्ता नियमहरु कार्यान्वयन गरि लागु गर्ने छ।

ध) संस्थाको संस्थागत विकास गर्न कार्य क्षमता अभिवृद्धि गर्नको लागि आवश्यक व्यक्तिको व्यवस्था मिलाउने जस्ता कार्यहरु गर्नेछ ।

**४. साधारण सदस्य/मोहीः**

क) सिंचाई प्रणालीको कमाण्ड क्षेत्र भित्र जग्गा भएको र मोहीको रुपमा जग्गा कमाउने कृषक समितिको साधारण सदस्य हुनेछन ।

ख) मोहीको रुपमा जग्गा कमाउने कृषक समेत समितिको साधारण सदस्य हुने छ ।

**५. सदस्यताको लागि आवश्यक योग्यताः**

सिंचित क्षेत्रभित्र जग्गा हुने जोतहा जग्गाधनि, मोही नलागेको जग्गाको जग्गा धनि वा उनीहरुको अस्तित्वयार प्राप्त जोतहा किसानलाई संस्थाको सदस्यता स्वतः प्रदान गर्न सकिने छ। यदि जग्गाधनिको उमेर १७ वर्ष भन्दा कम उमेरको भए उसको संरक्षकलाई संस्थाको सदस्यता दिइनेछ। मोही नलागेको

जग्गाको जग्गाधनिले स्वयमं खेती नगरी अधीया वा अन्य मोही नलागेको प्रथा अनुसार अरुलाई जोत्न दिएको अवस्थामा धनि वा उसको अख्तियार प्राप्त व्यक्तिलाई सदस्यता प्रदान गर्न सकिनेछ।

**६. नियमः**

जल उपभोक्ता समितिको गठन माथी नियम ४ र ५ बमोजिमको सदस्यहरुबाट निर्वाचित समितिमा नौ जना सदस्य रहेको जल उपभोक्ता समिति गठन हुनेछ । सदस्य भन्नाले साधारण सदस्यबाट छानिएको व्यक्तिलाई जनाउँछ। जल उपभोक्ता समितिमा उपलब्ध भए सम्म ३३ (तेतिस) प्रतिशत महिला १ जना दलित, उत्पिडित, पिछडिएका जनजाती पदाधिकारी अनिवार्य रुपमा रहनेछन ।

६.१ जल–उपभोक्ता समितिमा अध्यक्ष र सचिव बाहेक अन्य बढीमा सात जना सदस्य हुनेछन ।

६.२ माथि नियम ५ वमोजिम गठन हुने समितिमा ६.१ वमोजिम वहुमतद्वारा पद परिपूर्ति गरिनेछ ।

६.३ जल उपभक्ताको समितिको निर्वाचन प्रकृयाः माथि नियम ४ र ५ बमोजिमका उपस्थित सदस्यहरुको कम्तिमा ६७ (सतसट्ठी) प्रतिशत सदस्यहरुले समितिका पधादिकारीहरुको निर्वाचन वा बहुमत बाट मनोनयन गर्नेछ ।

७. समितिको निर्णय सम्बन्धि आवश्यक व्यवस्था यस बिधानको अधिनमा रहि उपभोक्ता समितिले निर्धारण गर्नेछ ।

७.१ माथी नियम ७ मा जेसुकै कुरा लेखिएता पनि समितिको निर्वाचनको लागि साधारण सदस्यहरु बोलाउदा गणपुरक संख्या नपुगेमा यस विधानको उपनियम १२.१ बमोजिम गणपुरक संख्याले समितिको निर्वाचन वा गठन गर्ने छ ।

८. समितिको पदाबधिः जल उपभोक्ता समितिको पदावधि समान्यतया दुई वर्षको हुनेछ ।

९. समितिको विघठनः

माथि उल्लेखित बमोजिम गठित समितिले आफनो काम, कर्तव्य र जिम्मेवारी पालना गर्न नसकेको भन्ने समिति गठन गर्ने निकायलाई लागेमा नियम छ बमोजिम साधारण सदस्यहरुको दुई तिहाई बहुमतले समिति विघठन गरि नियम ५ को उप नियम ६.४ बमोजिम तत्काल समितिको निर्वाचन वा गठन गर्नेछ ।

९.१ निलम्वनः समितिको कुनै पदाधिकारी सदस्यले आफनो काम, कर्तव्य कार्य गर्ने असमर्थ भएमा वा काम, कर्तव्यको पालना नगरेमा त्यस्तो पदाधिकारिलाई साधरण सदस्यबाट निश्चित अबधिको लागि निलम्वन वा समितिको सदस्यबाट हटाउने छ । यसरी हटाउदा नियम १२.१ को गणपुरक संख्या आबश्यक हुनेछ ।

१०. समितिको वैठकः समितिको बैठक साधारणतया २ महिनाको १ पटक बस्ने छ र आवश्यक परेको खण्डमा सो भन्दा अगावै पनि बस्न सक्नेछ ।

११. पद रिक्त हुनेः

(क) राजिनामा दिएमा, (ख) मृत्यु भएमा, (ग) साधारण सदस्य बाट हटेमा, (ध) दफा ९ बमोजिम कार्य भएमा, (ङ) बहुलाएमा, (च) यस विधान वा नेपाल सरकारको खिलाफ कार्य गरेमा

११.१ राजीनामाः जल उपभोक्ता समितिका सदस्यले अध्यक्ष समक्ष र अध्यक्षले सिंचाई कार्यालयमा वा सल्लाहकार समिति समक्ष राजिनामा दिनुपर्नेऽ . अध्यक्षले राजिनामा दिएमा वा कुनै कारOावस अध्यक्ष पद रिक्त हुन गएमा तुरुन्त साधारण सभाको बैठक बोलाई माथि लेखिए बमोजिम पद पूर्ति गरिन छ ।

११.२ बैठकको अध्यक्षताः बैठक बस्ने दिन अध्यक्षको अनुपस्थितीमा उपस्थित सदस्यको बहुमतद्वारा छानेको ब्यक्तिलाई अध्यक्षताको लागि मनोनयन गरिनेछ ।

११.३ समितिको बैठकः ६७ (सतसट्ठी) प्रतिशत सदस्यहरुको उपस्थितीमा बस्न सक्नेछ ।

११.४ समितिको निर्णयः समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ। कुनै प्रस्तावमा सदस्यहरुको मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ ।

१२. साधारण सभाको बैठकः

साधारण सभाको बैठक साधारणतया बर्षको १ (एक) पटक बस्ने छ र बिषेश परिस्थितीमा सो भन्दा छिटो पनि बस्न सक्नेछ ।

१२.१ साधरण सभाको गणपुरक संख्याः साधारण सभाको गणपुरक संख्या ६७ (सतसठ्ठी) प्रतिशतले हुने छ । पहिलो दिनको बैठकमा गठापुरक संख्या नपुगेमा भोलिपल्ट पुनः साधरण सभाको बैठक बस्ने छ । सो बैठक को गणपुरक संख्या ४५ प्रतिशत उपस्थित भएमा गणपुरक संख्या मानिने छ। दोश्रो दिनको बैठकपनि गणपुरक संख्या नपुगेमा तेश्रो दिनको वैठकमा ३३ प्रतिशत सदस्यको उपस्थितिले गरेको निर्णय मान्य हुनेछ ।

१३. समितिको काम कर्तव्य र अधिकारः

समितिले सिंचाई प्रणाली संचालन गर्ने निकायसँग भएको सम्झौतालाई कार्यन्वयन गर्ने .

१३.१ सिंचाइ प्रणाली मर्मत तथा पुन निर्माण हुने अवधिमा सम्बन्धीत निकायलाई सहयोग गर्ने र निर्माण कार्यको रेखदेख (गुणस्तर) कायम राख्ने, स्थानिय श्रोतबाट उपलब्ध गराउनुपर्ने सामाग्री तथा जनश्रम समयमा जुटाई योजनाको निर्माण कार्य पुरा गर्न पूर्ण सहयोग गर्ने।

१३.२ सिंचाई प्रणाली निर्माण कार्य सम्पन्न भइसकेपछि मर्मत संभार तथा नहर संचालनको लागि आवश्यक व्यवस्था गरि सिंचाइको प्रवन्ध मिलाउने .

१३.३ सिंचित क्षेत्रमा जग्गा हुने साधारण सदस्यहरुको जग्गाको क्षेत्रफलको आधारमा लगत लिने र सो को लगत व्यवस्थित तबरले राख्न ।

१३.४ उप नियम १३.३ बमोजिम साधारण सदस्यहरुको लगत तयार गरि अध्यावधिक राख्ने सोही लगतको आधारमा सिंचाई सेवा शुल्क असुली गर्ने व्यवस्था मिलाउने

१३.५ जग्गा खरिद बिक्री एवं अरु कुनै व्यहोराबाट सिंचित क्षेत्रमा जग्गा उपलब्ध गर्नेलाई सदस्य कायम गर्ने र विक्रि वा अन्य कारणबाट हक छाडी दिने किसानलाई सदस्यबाट हटाउने .

१३.६ सिंचाई योजना संचालन अवधिमा जुटाउनु पर्ने जनश्रम, जग्गाको क्षेत्रफलको आधारमा निर्धारण गरि नगद, जनश्रम जुटाउने र काममा लगाउने ।

१३.७ सिंचाई प्रणाली सम्पन्न पश्चात मुल नहर, शाखा नहर, वितरण कुलो र मुहानको सरसफाई, सुरक्षा, मर्मत संभार गर्ने गराउने व्यवस्था मिलाउने ।

१३.८ समितिको आय व्यय दुरुस्त राखी वर्षको एक पटक साधारण सभामा पेश गर्ने ।

१३.९ नेपाल सरकारको जलश्रोत ऐन, नियमावली, सिंचाई सम्बन्धित निति निर्देशनको पालन गर्ने गराउने तथा सिंचाइ, निति र नियमावली बमोजिम नियम र निर्णय कार्यान्वयन गर्ने ।

१४. जल उपलभोक्ता समितिको आयश्रोतः

क) साधारण सदस्यबाट उठेको सदस्यता शुल्क,
ख) सेयर वितरणबाट उठेको रकम,
ग) सिंचाइ सेवा शुल्कबाट उठेको रकम,
३) दण्ड जरिवाना,
ङ) जनश्रमदान,
च) नेपाल सरकार तथा अन्य संघ संस्थाबाट प्राप्त हुने अनुदान सहयोग समितिको आय हुनेछ ।.

१५. खाता संचालनः

समितिको खाता राष्ट्रिय वाणिज्य बैंक/नेपाल बैक लिमिटेड/ ………… बैकको ……………..शाखामा संचालन हुनेछ र सो खाता समितिका अध्यक्ष र सचिवको नाममा वा समितिको निर्णयद्वारा तोकिएको व्यक्तिको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

१५.१ समितिबाट रकम खर्च गर्दा समितिको बैठकको निर्णयले आवश्यक परे………………….सिंचाइ विकास डिभिजन /सब डिभिजन कार्यालयको राय लिई मात्र खर्च गर्न सकिनेछ ।. समितिको निर्णय अगावै खर्च भएमा पछि समितिले अनुमोदन गरेमा सो खर्च मान्य हुनेछ ।

१६. समितिको कागजातः

समितिको कागजात व्यवस्थित रुपमा राख्नु पर्ने छ सो कागजातहरु समितिको सचिवको जिम्मा रहनेछ ।

१७. कर्मचारी नियुक्तिः

आवश्यक परेमा समितिले कर्मचारीको नियुक्ति पनि गर्न सकिनेछ । कर्मचारी भन्नाले काम गर्न दैनिक ज्यालामा नियुक्ति गरिएको व्यक्तिलाई समेत सम्झनु पर्नेछ ।

१८.　विधानको पालनाः
यस विधानमा उल्लेख गरिएको शर्तहरु समितिका पदाधिकारीहरु तथा साधारण सदस्यहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने छ ।

१९.　व्यावधान उत्पन्न गर्न नपाउनेः
सिंचाई प्रणालीको निर्माण तथा संचालन अबधिभर र पछि मर्मत संभार पानी वितरण गर्ने अवस्थामा समेत कुनै सदस्यहरुले अनावश्यक व्यावधान उत्पन्न गर्न पाउने छैन।

२०.　सदस्यहरुमा भेदभावः
धेरै थोरै जमिन हुने सदस्यहरुको विचमा कुनै किसिमको भेदभाव हुने छैन । तर महिला दलित, जनजाती र पिछडिएका बर्गलाई बिशेष प्रोत्साहन दिइनेछ ।

२१.　पानी वितरण
पानी वितरणमा कुनै भेदभाव हुने छैन, मुहान देखि पुच्छार सम्म जग्गाको क्षेत्रफलको आधारमा समानुपातीक रुपमा पानी वितरण हुनेछ ।

२२.　प्रतिबन्धः
समितिको सदस्यले नेपाल सरकारको सिंचाइ सम्बन्धि निति नियमको विरुद्ध क्रियाकलाप गर्न प्रतिबन्ध हुनेछ , साथै सिंचाई प्रणालीको संचालन व्यवस्थापनमा अनावश्यक कार्यहरु गर्न पाइने छैन ।

२३.　विधानको तर्जुमाः
यस विधानको तर्जुमा हुदा रहेको उपभोक्ता समितिले सिंचाइ कार्यविधि निर्देशिका अनुसार कार्य संचालन गर्ने छ । यस समितिले माथि नियम ८ मा उल्लेख गरिएको अवधि भित्र अनिवार्य रुपमा निर्वाचन वा बहुमतद्धारा मनोनयन गर्नु पर्ने छ । सो अवधि भन्दा अगावै निर्वाचन वा मनोनयन गराएमा कुनै प्रतिबन्ध लाग्ने छैन, यसले नियम ९ लाई कुनै असर पर्ने छैन ।

२४.　सल्लाहकार समितिः
समितिले सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।.......................सिंचाई विकास डिभिजन / सव डिभिजन .....................का प्रमुख, जिल्ला कृषि विकास कार्यालयका प्रमुख तथा जिल्ला स्थित सिंचाई जल उपभोक्ता महासंघका प्रमुख समेत रहेको एक सल्लाहकार समिति राख्न सकिनेछ । जिल्ला जलश्रोत समितिका पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

२४.१　सल्लाहकार समितिले उपभोक्ता समितिलाई आवश्यक परेको समयमा आवश्यक सरसल्लाह र सहयोग उपलब्ध गराउनेछ ।

२५.　कार्यवाहीः
सिंचाइ योजना संचालन हुँदा, पानी वितरण वा संस्थाको व्यवस्थापनमा कुनै पनि व्यक्तिले असहयोग, अडकाउ वा नियम उल्लघंन गरेमा समितिले आवश्यक सामाजिक कार्यवाही जस्तै पानि बितरण नगर्ने, कसुर अनुसारको दण्ड जरिवाना आदि गर्न सक्ने छ सो बाट पनि समस्या समाधान नभएमा आवश्यक कार्यवाहीको लागी सम्बन्धित निकायमा उजुरी गर्न सकिनेछ ।

२६.　बचाऊँ :
यो विधानको आधारमा कार्य संचालन हुँदा वा संस्थालाई संचालन गर्दा बाँधा अड्चन पर्न गएमा साधारण सदस्यको बहुमतको आधारमा र सल्लाहकार समितिको सिफारिसमा जल उपभोक्ता समितिले नेपाल सरकारको सम्बन्धित निकायमा आवश्यक कार्यवाहीका लागि अनुरोध गर्न सकिनेछ ।

२७.　नहरको अधिकार क्षेत्रः

निर्मित सिंचाई प्रणालीको मुल नहरको केन्द्र रेखा देखि दुबै तर्फ दुई मिटर र शाखा, प्रशाखा नहरको दुबै तर्फ एक मिटर नहरको अधिकार क्षेत्र हुने छ । यस नहरलाई बाँधा पर्ने गरि कुनै किसिमको निर्माण वा अन्य प्रयोजनमा समेत ल्याउन पाईने छैन । नहरको मुहान रहेको स्थानबाट नहरलाई वा मुललाई असर पर्ने गरि त्यस क्षेत्रबाट ढुङ्गा, बालुवा, गिट्टी निकाल्न वा ढुवानी गर्न पाइने छैन र नहरलाई असर पर्ने गरि निषेधित गरिएको क्षेत्रमा गाई वस्तु चराउन, हिडाउन र आहाल वसाउन पाइने छैन ।

२८. अभिलेख राख्नेः
उपभोक्ता संस्थाले आफुले उपलब्धभ गराएको सेवा उपयोग गरेबापत उपभोक्ताहरुले तिर्नुपर्ने सेवा शुल्क लगायत मर्मत संभारमा भएको खर्च समेत देखिने गरि आफ्नो कोषको मौज्दात समेतको अभिलेख राखिनेछ ।

२८.१ आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र उपभोक्ता संस्थाको आर्थिक विवरण र सो आर्थिक वर्षमा उपभोक्तलाई उपलब्ध गराइएको सेवाको प्रतिवेदन तयार गरि साधारण सभामा प्रस्तुत गरिनेछ । सोही साधारण सभामा सार्वजनिक लेखा परिक्षण गरि प्रस्ताव पास भएपछि सार्वजनिक सूचना प्रकाशन गरिने छ। यसको एक प्रति सम्बन्धित सिचाइ कार्यालयमा पठाईने छ ।

२९. दरखास्त दिनुपर्नेः
नेपाल सरकार र उपभोक्ता संस्थाले विकास गरि संचालन गरेको सिंचाई प्रणालीबाट कुनै कारणवस सेवाबाट वचित रहेका उपभोक्ता कृषकले सेवा उपयोग गर्न चाहेमा उपभोक्ता समिति तथा सम्बन्धित सिंचाइ कार्यालय समक्ष दरखास्त दिनुपर्ने छ ।

२९.१ सम्बन्धित दरखास्तवालाको मागबमोजिम सेवा उपलब्ध गराउन सकिने वा नसकिने भएमा दरखास्त वालालाई आवश्यक जानकारी तथा सुचना उपलब्ध गराइनेछ ।

३०. उजुरी दिनेः
नियम २९ र उपनियम २९.१ बमोजिम सेवा उपलब्ध गराउन नसकिने भनि दिइको निर्णयमा चित नबुझेमा ३५ दिन भित्र सम्बन्धित सिंचाइ कार्यालय वा उपभोक्ता समिति समक्ष उजुरी दिन सक्नेछ ।

३१ सेवा शुल्कः
सिंचाइ नियमावली २०५६ को अनुसारको सेवा शुल्क निर्धारण समितिबाट सेवा शुल्क निधारण गरिनेछ ।

३२. संस्था निष्कृय
कुनै कारण बस जल उपभोक्ता समिति (संस्था) निष्कृय हुन गएमा जल उपभोक्ता संस्था को नाममा रहेको सम्पुर्ण सम्पति आर्थिक नियामानुसार हुनेछ ।

३३. समितिको छाप
……………………………………………………………………………………………………छाप हुनेछ ।

३४. समितिको झण्डा
……………………………सिंचाई योजना जल उपभोत्ता समिति, ………………………लेखिएको ……………मीटर लम्वाई …………… मीटर चौडाई भएको निलो रंगको कपडा समितिको झण्डा रहनेछ ।